## मिति २०८०/०४/२३ गतेका नगर कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १०८

### बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. गत आ.व.का भुक्तानि सम्वन्धमा।

३. करार म्याद थप सम्वन्धमा।

४. समसामायिक विविध।

### निर्णयहरु

१. मिति २०८०/०४/२३ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भई रहेको सन्तोष व्यक्त गरियो।

२. गत आ.व.२०७९/०८०मा यस कार्यालयवाट कार्यसम्पन्न भएको तर समय अभाव एंव सूत्र (Sutra System) प्रणालीमा देखिएको अवरोधको कारण भुक्तानी हुन नसकेको तपसिल बमोजिमका योजना कार्यक्रम तथा शीर्षकहरुको रकमलाई चालु आ.व.२०८०/०८१ मा भुक्तानी गर्ने निर्णय गरियो।

३. यस नगरपालिका र मातहतका कार्यालयहरुमा सेवा करारमा कार्यरत कर्मचारिहरुको म्याद कार्यसम्पादन मूल्याङ्कनको आधारमा २०८० पौष मसान्त सम्म थप्ने र वडा कार्यालयमा कार्यरत हेरालु पदलाई साविककै कामकाज गराउने निर्णय गरियो।

### समसामायिक विविध

१. वर्तमान समयमा नेपालको प्राय तराई भुभागमा फैलिएको आँखा पाक्ने रोग (Viral Conjunctivitis) को महामारीको रुप लिएको एंव नगरपालिकामा विद्यमान औषधिले नपुग भएको हुँदा औषधि खरिद शिर्षकमा ठेक्का नं.६२/७९/८० को बचत रकमवाट वढिमा १०,०००।- (दश हजार) थान तत्काल खरिद गरी स्वास्थ्य संस्था मार्फत वितरणको व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने।

२. श्री श्याम आधारभूत विद्यालय क.व.न.पा ११ जहदी को मिति २०८०/०२/०९ च.न.४७ पत्र र ११ नं वडा कार्यलयको मिति २०८०/०२/०३ च.न.१४८३ को पत्राअनुसार मिति २०७९/१२/२६ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सो विद्यालयले स्व दयाराम अहिरको नाममा दर्ता रहेको साविक जहदीको गा.वि.स.वडा नं.१२र ३ को अपुताली जग्गा भोगचलन गर्दै आएको र सो जग्गाहरु नेपाल सरकारको नाममा दर्ता भएको हुँदा उक्त जग्गा श्री श्याम आधारभूत विद्यालय क.व.न.पा.११ जहदिको नाममा भोगचलन/भोगाधिकार /भाडामा दिन आवश्यक प्रक्रियाको लागि शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुमा पठाउने निर्णय गरियो।

३. यस नगरपालिकाको वडा नं.१ स्थित संचालनमा रहेको हाटवजारको विविध समस्याहरु पहिचान गरि नगरकार्यापालिकाको कार्यपालिका वैठक पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री मोहम्मद जाहिद खाँ | वडा अध्यक्ष | संयोजक |
| श्री वलराम न्यापाने | लेखा अधिकृत | सदस्य |
| श्री विनोद कुँवर | अधिकृत | सदस्य |
| श्री सुभाष गौतम | वडा सचिव (वडा नं.१) | सदस्य- सचिव |

४. सामाजिक विकास मन्त्रालय (राप्ति दाङ) उपत्यका, नेपालको मिति २०८०/०३/०७ च.न.८५३ पत्रानुसार कपिलवस्तु नगरपालिका भित्र रहेको साविकको महिला तथा बालबालिका कार्यालयको भवन तथा जग्गा उक्त मन्त्रालयले उपयोग गर्ने मा.मन्त्रिस्तरको निर्णय भएको हुँदा उक्त भवन को पहिलो तलामा यातायात कार्यालय र बाँकि तलामा उक्त मन्त्रालय अन्तर्गत सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तुलाई नै प्रयोग गर्न सिफारिस दिने निर्णय गरियो।

५. कपिलवस्तु नगरपालिका वडा न.३ स्थित पत्राकार महासंधको भवन सगै रहेको सरकारि/ऐलानी जग्गा नेपाल औषधि व्यवसाय संघ, कपिलवस्तुलाई प्रचलित कानून बमोजिम लिजमा/भाडामा उपयोग गर्न सिफारिस दिने निर्णय गरियो।

६. कपिलवस्तु नगरपालिका भित्र संचालनमा रहेको बाँकी योजनाहरुलाई अल्या गर्ने निर्णय गरियो।

७. कपिलवस्तु नगरपालिकाको स्वास्थ्य सम्वन्धि एन खानेपानी तथा सरसफाई सम्वन्धी ऐन प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्वन्धी कार्यविधिको मस्यौदा तयार गरि आगामि वैठकमा पेश गर्न विधायन समितिलाई निर्देशन दिने।

८. यस नगरपालिकामा कार्यरत नगर प्रहरि र दमकल शाखाका कर्मचारीहरुको संयुक्त (७) जनाको मिति २०७९/११/१९ गतेको एकमुष्ट निवेदन अनुसार निजहरुको राशन भत्ता ज्यादै न्यून भएको हुनाले निजहरुलाई मिति २०८०/०४/०१ गते देखि लागु हुने गरि थप मासिक रु २०००।- (अक्षेरुपि रु दुई हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो।

९. यस नगरपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन समितिको सदस्य सचिवको रुपमा श्री विनोद कुँवरलाई जिम्मेवारि दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत